# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, जेठ २९ गते २०६६ साल (अतिरिक्ताङ्क ११(क)


## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी सीमा रहित चिकित्सक MSF Holland द्वारा रौतहटमा सञ्चालित परियोजनाको लागि MSF HQ, Holland बाट उपहार स्वरुप प्रदान गरिने यूरो ४,८२०.१९ (चार हजार आठ सय बीस, सेन्ट उन्नाइस) मूल्य बराबरको स्वास्थ्य सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिबृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगञ्जको लागि German Nepalese Help Association, Germany बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ६७,६००.०० (सतसठ्ठी हजार छ सय) मूल्यबराबरको हेमोडायलायसिस मेशिन ५ (पाँच) थान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी **ENRD Nepal** नामक संस्थाले जिल्ला विकास समितिको कार्यालय, मुस्ताङ्गसंगको सहकार्यमा सञ्चालन गर्न लागेको **Wireless Network and Project** का लागि **Alvarian Ltd. Israel** बाट खरीद गर्ने अमेरिकी डलर ३७,२७०.०१(सैंतीस हजार दुई सय सत्तरी, सेन्ट एक) मूल्य बराबरको सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिबृद्धि कर तथा अन्य शुल्क समेत छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रले **St. Jude Medical, Hongkong Ltd.** बाट अमेरिकी डलर १५,२७०.००(पन्ध्र हजार दुई सय सत्तरी) मूल्य बराबरको **Heart Valve** र **India Medtronics Pvt. Ltd.** बाट भा.रू. ३२,११,०००।- (बत्तीस लाख एघार हजार) मुल्य बराबरको **PTCA Balloon** आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिबृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विमानस्थल नागरिक उड्डयन कार्यालयको लागि जापान सरकारबाट अनुदान स्वरुप प्रदान गरिने जापानी येन ३,६९,४४,६१६.०० (तीन करोड उनानसत्तरी लाख चवालीस हजार छ सय सोह्र) मूल्य बराबरको स्पेयर पार्टसहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

2336

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी गुप्तेश्वर बहुमुखी क्याम्पस (सामुदायिक), कुश्मा, पर्वतको लागि भारतीय दूतावासबाट सहयोग स्वरुप प्रदान गरिने टाटा स्टार बस आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,<br>
भेषराज शर्मा<br>
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

236

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।